# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ९५ | काठमाडौँ | बिहीबार, १२ साउन २०७९ | Prabhab National Daily, Thursday, July 28, 2022 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## एक वर्षमा भित्रियो दुई हजार विद्युतीय गाडी



■ प्रभाव संवाददाता

**काठमाडौँ–** सरकारले विद्युतीय गाडी आयातमा लाग्ने भन्सार तथा अन्तःशुल्कमा छुट दिएपछि एक वर्षमा नेपालमा झण्डै दुई हजार विद्युतीय गाडी भित्रिएका छन् । भन्सार विभागले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७८/७९ को तथ्यांकअनुसार एक वर्षमा एक हजार ८०७ वटा विद्युतीय चारपांग्रे सवारीसाधन नेपाल भित्रिएको हो ।

अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा २६१ मात्रै विद्युतीय चारपांग्रे सवारी आयात भएकामा गत आर्थिक वर्ष उल्लेख्य मात्रामा वृद्धि भएको छ ।

अघिल्लो आर्थिक वर्षसम्म न्यून मात्रामा नेपाल भित्रने गरेको विद्युतीय गाडीमा सरकारले गत आर्थिक वर्षको बजेटमार्फत भन्सार र अन्तःशुल्कमा छुट दिएको थियो । सरकारले बजेटमार्फत नै भन्सार तथा अन्तःशुल्कमा छुट दिएपछि नेपाल भित्रने विद्युतीय गाडीको संख्यामा वृद्धि भएको व्यवसायी बताउँछन् ।

भन्सार विभागले हालै सार्वजनिक गरेको एक वर्षको तथ्यांकअनुसार नेपालमा सबैभन्दा धेरै विद्युतीय गाडी चीनबाट भित्रिएका छन् । चीनबाट १०० किलोवाटका १६७ र १५० देखि २०० सम्म किलोवाट क्षमताका ६९६ गरी ८२३ वटा गाडी नेपाल भित्रिएका हुन् ।

चीनपछि भारतबाट धेरै विद्युतीय गाडी नेपाल भित्रिएका छन् । भारतबाट १०० किलोवाट क्षमताका ६९६, दक्षिण कोरियाबाट १०० किलोवाट क्षमताको १३२ र फ्रान्सबाट एक वटा गाडी नेपाल भित्रिएका छन् ।

यस्तै बेलायतबाट १०० देखि १५० किलोवाट क्षमताका १३, दक्षिण कोरियाबाट १०० देखि २०० किलोवाट क्षमताका ५२ वटा, जापानबाट ७८, बेलायतबाट चार वटा गाडी नेपाल आएका छन् । बेलायतबाट २०० देखि ३०० किलोवाट क्षमताका चार र बेयालतबाटै ३०० क्षमताभन्दा माथिका दुई वटा विद्युतीय गाडी नेपाल भित्रिएका हुन् । एक वर्षको अवधिमा एक हजार ८०७ वटा विद्युतीय गाडी नेपाल भित्रँदा एक अर्ब ४३ करोड ९२ लाख रूपैयाँ बराबर राजस्व संकलन भएको विभागले जनाएको छ ।

सरकारले देशमा विदेशी मुद्रा सञ्चितिमा कमी भएको भन्दै डिजेल तथा पेट्रोलबाट सञ्चालित गाडी आयातमा रोक लगाउँदा तथा बजेटमा छुट दिँदा विद्युतीय गाडी आयातमा वृद्धि भएको व्यवसायीले बताएका छन् । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले डिजेल तथा पेट्रोलबाट सञ्चालित गाडीमा सरकारले पूर्णरूपमा प्रतिबन्ध लगाउँदा विद्युतीय गाडी आयातमा वृद्धि भएको जनाएको छ ।

### एसइईको नतिजा

# उच्च श्रेणीमा दुई प्रतिशतभन्दा न्यून



एसइईको नतिजा सार्वजनिक गर्न बुधबार भक्तपुरको सानोठिमीस्थित राष्ट्रिय परीक्षा बोर्डमा आयोजित पत्रकार सम्मेलन । *तस्बिरः रासस*

**जिपिएअनुसार विद्यार्थी संख्या र प्रतिशत**

- ३.६ देखि ४ जिपिए : ९,६३३ (१.९४%)
- ३.२ देखि ३.६ जिपिए : ४१,६२७ (८.४०%)
- २.८ देखि ३.२ जिपिए : ६९,९०० (१४.१०%)
- २.४ देखि २.८ जिपिए : ९०,७५८ (१८.३१%)
- २ देखि २.४ जिपिए : १,१२,७३३ (२२.७४%)
- १.६ देखि २ जिपिए : १,००,५९४ (२०.२९%)
- १.२ देखि १.६ जिपिए : ४४,५८६ (८.९९%)
- ०.८ देखि १.२ जिपिए : ३,२८० (०.६६%)

■ प्रभाव संवाददाता

**काठमाडौँ–** गत वर्ष सञ्चालित माध्यमिक शिक्षा परीक्षा (एसइई)मा सहभागी विद्यार्थीमध्ये उच्च श्रेणीमा उत्तीर्ण हुनेको संख्या दुई प्रतिशतभन्दा न्यून पाइएको छ । राष्ट्रिय परीक्षा बोर्डले बुधबार सार्वजनिक गरेको एसइई २०७८ को नतिजामा १.९४ प्रतिशत विद्यार्थी मात्र उच्च श्रेणी अर्थात् ३.६ देखि ४ जिपिए (ग्रेड) ल्याएको पाइएको हो ।

कोरोना महामारीको दुई वर्षपछि बोर्डले पहिलोपटक विद्यार्थीको भौतिक उपस्थितिमै परीक्षा लिएको थियो । यसअघिका दुई वर्षमा भने विद्यालयको आन्तरिक मूल्यांकनका आधारमा बोर्डले नतिजा सार्वजनिक गरेको थियो । यसपटक अघिल्लोपटकको तुलनामा नतिजा खस्किएको पाइएको छ । अघिल्लो वर्ष उच्च श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी ३.८३ प्रतिशत रहेकामा यस वर्ष घट्न पुगेको हो ।

बोर्डका सदस्यसचिव दुर्गाप्रसाद अर्यालका अनुसार उच्च श्रेणी ३.६ देखि ४ जिपिए ल्याउने विद्यार्थी नौ हजार ६३३ जना छन् । बोर्डले परीक्षामा सहभागीमध्ये चार लाख ९५ हजार ७५१ परीक्षार्थीको नतिजा सार्वजनिक गरेको हो ।

त्यस्तै, ४१ हजार ६२७ विद्यार्थीले ३.२ देखि ३.६ जिपिए र ६९ हजार ९००ले २.८ देखि ३.२ जिपिए ल्याएका छन् । ९० हजार ७५८ जनाले २.४ देखि २.८ जिपिए ल्याएको बोर्डले सार्वजनिक गरेको नतिजामा उल्लेख छ ।

त्यस्तै एक लाख १२ हजार ७३३ विद्यार्थीले २ देखि २.४ जिपिए, एक लाख ५९४ जनाले १.६ देखि २ जिपिए, ४४ हजार ५८६ विद्यार्थीले १.२ देखि १.६ जिपिए र तीन हजार २८० विद्यार्थीले ०.८ देखि १.२ जिपिए ल्याएको सदस्यसचिव अर्यालले जानकारी दिए । यस वर्ष १.९४ प्रतिशतले ३.६ देखि ४ जिपिए, ८.४० प्रतिशतले ३.२ देखि ३.६ जिपिए, १४.१० प्रतिशतले २.८ देखि ३.२ जिपिए, १८.३१ प्रतिशतले २.४ देखि २.८ जिपिए ल्याएको उनले बताए ।

त्यस्तै २२.७४ प्रतिशतले २ देखि २.४ जिपिए, २०.२९ प्रतिशतले १.६ देखि २ जिपिए, ८.९९ प्रतिशतले १.२ देखि १.६ जिपिए र ०.६६ प्रतिशतले ०.१ देखि १.२ जिपिए ल्याएका छन् । परीक्षामा २२ हजार छ सय ४० अर्थात् ४.५७ प्रतिशत परीक्षार्थी अनुपस्थित रहेको सदस्यसचिव अर्यालले जानकारी दिए । उनले समग्रमा नतिजा सन्तोषजनक रहेको बताए ।

नतिजा सार्वजनिक गरिएका विद्यार्थीमध्ये प्रदेश १ का १७.४ प्रतिशत, मधेस प्रदेशका १५.५ प्रतिशत, बागमती प्रदेशका २१.६७ प्रतिशत, गण्डकी प्रदेशका ९.३० प्रतिशत, लुम्बिनी प्रदेशका १७.४५ प्रतिशत, कर्णाली प्रदेशका ७.५३ प्रतिशत र सुदूरपश्चिम प्रदेशका ११.५ प्रतिशत रहेका छन् ।

**बागमतीमा सबैभन्दा राम्रो, कर्णालीको नतिजा कमजोर**

प्रदेशगत आधारमा बागमती प्रदेशको नतिजा तुलनात्मक रूपमा सबैभन्दा राम्रो देखिएको छ भने कर्णालीको नतिजा कमजोर देखिएको छ । यद्यपि, विद्यार्थी संख्या पनि बागमतीमा सबैभन्दा धेरै र कर्णालीमा सबैभन्दा कम रहेको छ ।

एसइई नतिजामा कूल चार लाख ९५ हजार ७५१ परीक्षार्थी समेटिएकामा ३.६ देखि ४ जिपिए ल्याउने विद्यार्थीको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा रहेको छ । उक्त जिपिए प्राप्त गरेका नौ हजार ६३३ जना विद्यार्थीमध्ये ४७.७७ प्रतिशत बागमती प्रदेशका छन् । उच्च जिपिए सबैभन्दा कम प्राप्त गर्ने विद्यार्थी कर्णाली प्रदेशका छन् । त्यसपछि सुदूरपश्चिम रहेको छ । उच्च श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी कर्णालीबाट १.१८ प्रतिशत र सुदूरपश्चिमबाट २ प्रतिशत मात्रै रहेको छ ।

मधेस प्रदेशमा भने सुधार देखिएको छ । उक्त प्रदेशबाट उच्च जिपिए (३.६-४) प्राप्त गर्ने विद्यार्थीको संख्या १५ प्रतिशत रहेको छ । उच्च जिपिएतर्फ प्रदेश १, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमभन्दा मधेस प्रदेश अगाडि देखिन्छ । उच्च जिपिए ल्याउने विद्यार्थी प्रदेश १ बाट १२ प्रतिशत, गण्डकीबाट ८ प्रतिशत, लुम्बिनीबाट साढे १२ प्रतिशत र कर्णालीबाट १.१८ प्रतिशत र सुदूरपश्चिमबाट २ प्रतिशत रहेको छ ।

बोर्डका अध्यक्ष महाश्रम शर्माले कोभिड-१९ महामारीका कारण पढाइ प्रभावित हुँदा उच्च जिपिए ल्याउने विद्यार्थी घटेको बताए । 'तुलनात्मक रूपमा उच्च ग्रेड ल्याउने विद्यार्थीको संख्या घटेको छ । यो समयमा र नियमित पढाइ हुन नसक्दा विद्यार्थीको सिकाइ नभएको हुनसक्छ । यद्यपि, यो नतिजालाई सन्तोषजनक मान्न सकिन्छ,' उनले भने ।

**सन्दर्भ : वैदेशिक रोजगार**

### गृह मन्त्रालयको आग्रह

# 'रोजगारीका लागि भिजिट भिसामा नजानू'




■ प्रभाव संवाददाता

**काठमाडौँ–** सरकारले रोजगारीको उद्देश्यका साथ भिजिट भिसामार्फत विदेश नजान आमनागरिकलाई अनुरोध गरेको छ । गृह मन्त्रालयले सुरक्षित श्रम तथा रोजगारीको प्रलोभनमा परेर भिजिट भिसामार्फत विदेश नजान अनुरोध गरेको हो ।

वैदेशिक रोजगारीको उद्देश्यले भिजिट भिसामार्फत विदेश जाँदा समस्या देखिएको भन्दै मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गरेर त्यसो नगर्न अनुरोध गरेको छ । पछिल्लो समयमा भिजिट भिसामा विदेश गएर अलपत्र पर्ने, काम नपाउने र गन्तव्य मुलुकबाट प्रवेश निषेध भई फर्कनुपर्नेलगायतका समस्या देखिएको मन्त्रालयले जनाएको छ । रोजगारीको मनसाय राखी भिजिट भिसामा नेपालीहरू विदेश गई अलपत्र पर्ने र विभिन्न समस्यामा फस्ने गरेको गुनासो आएको भन्दै मन्त्रालयले यस्तो उद्देश्य राखेर विदेश नजान पनि सचेत गराएको छ ।

मन्त्रालयले गैरकानुनीरूपमा विदेश गई समस्यामा परेकालाई उद्धार गरी स्वदेश ल्याउनुपर्ने अवस्थामा बिमा, क्षतिपूर्ति तथा राहत उपलब्ध गराउनसमेत नेपाल सरकारसँग कुनै कानुनी आधार नरहने बताएको छ । विज्ञप्तिमा वैदेशिक रोजगारीको लागि जान चाहने व्यक्तिले प्रचलित कानुनअनुसार श्रम स्वीकृतलगायतका प्रक्रिया पूरा गरेर मात्र जानुपर्ने उल्लेख गरिएको छ । साथै, स्थानीय तहलेसमेत आफ्नो क्षेत्रका नागरिकले विदेश भ्रमण वा रोजगारीमा जाँदा आवश्यक कानुनी प्रक्रियाको सहजीकरण तथा परामर्श प्रदान गर्ने व्यवस्था मिलाउन अनुरोध गरिएको छ । भिजिट भिसामा गई श्रम तथा रोजगारीको गतिविधिमा संलग्न हुनु गैरकानुनी भएको हुँदा पर्यटकको रूपमा मात्र प्रयोग गर्न सकिने मन्त्रालयले जनाएको छ ।

# व्यक्तिगतभन्दा म्यानपावरबाट ठगिने बढी

■ प्रभाव संवाददाता

**काठमाडौँ–** वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरू व्यक्तिगतभन्दा म्यानपावरबाट बढी ठगीमा पर्ने गरेको देखिएको छ । आप्रवासी कामदारहरूको पक्षमा निःशुल्क कानुनी सहायता प्रदान गर्दै आएको संस्था पिपुल फोरमले तयार पारेको प्रतिवेदनअनुसार म्यानपावर कम्पनीहरूले बढी ठगी गर्ने गरेको देखाएको हो ।

फोरमले सुरक्षित आप्रवासन परियोजनाअन्तर्गत तयार गरेको तथ्यांकमा आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म दुई हजार ८५४ जना वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परेको उल्लेख गरेको छ । यसरी ठगीमा परेका पीडितहरूलाई फोरमले निःशुल्क कानुनी सहायता तथा सहजीकरण गर्दै आएको जनाएको छ ।

फोरममा कानुनी सहायताका लागि आएकामध्ये एक हजार ३७६ जना व्यक्तिमार्फत ठगिएका छन् भने म्यानपावरमार्फत एक हजार ४७८ जना ठगिएका छन् । यसरी तथ्यांकको अधारमा हेर्दा व्यक्तिगतभन्दा म्यानपावरमार्फत ठगिनेको संख्या धेरै भएको निःशुल्क कानुनी सहायता परियोजनाका संयोजक एवं अधिवक्ता सुदीप देवकोटाले बताए । उनका अनुसार झण्डै ५२ प्रतिशतभन्दा बढी म्यानपावरमार्फत ठगीमा परेको देखिन्छ भने ४८ प्रतिशत व्यक्तिगत रूपमा ठगिएका छन् । फोरमको तथ्यांकअनुसार हालसम्म पीडितहरूले विभिन्न मुद्दामा ८० करोड ६९ लाख ३३ हजार ८८० बराबर क्षतिपूर्ति पाइसकेका छन् । कानुनी सहायतामार्फत पीडितको उद्धारका लागि चार सय ५२ मुद्दा परेकोमा १३७ जनाले मात्रै न्याय पाएको उल्लेख गरिएको छ । त्यस्तै, पासपोर्ट जफतका १०४ घटना आएकोमा हालसम्म ५१ जनाले फिर्ता पाएका छन् ।

पछिल्लो समय फोरमले मानव बेचबिखनका मुद्दामा पनि निःशुल्क कानुनी सहायता प्रदान गर्न थालेको जनाएको छ । फोरमले हालसम्म ६४ जना यस्ता पीडितलाई निःशुल्क सेवा प्रदान गरेको छ । पछिल्लो समय वैदेशिक रोजगारमा जोखिम बढ्दै गएकाले सरोकारवाला सबैले ध्यान पुऱ्याउनुपर्ने फोरमका संस्थापक सोम लुईंटेलले बताए । सरकारका कतिपय नीतिकै कारण वैदेशिक रोजगारमा जाने नेपालीहरूले न्याय पाउन कठिन भइरहेको फोरमले उल्लेख गरेको छ । यस्तो समस्या साउदी अरेबियामा जाने कामदारहरूमा बढी देखिएको जनाइएको छ ।







**महेन्द्रको सवारी** | पूर्वराजा महेन्द्रले प्रयोग गरेको सवारी । नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिले यी दुई सवारी बुधबारदेखि सर्वसाधारणले हेर्न पाउने गरी खुला गरेको छ । *तस्बिरः पूर्णप्रसाद मिश्र/रासस*

# सूचनाको हक कार्यान्वयन गर्न दलहरूलाई आदेश

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय सूचना आयोगले विभिन्न राजनीतिक दलसहित सार्वजनिक निकायलाई सूचनाको हक कार्यान्वयन गर्न आदेश गर्ने निर्णय गरेको छ । आयोगले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै सूचनाको हक कार्यान्वयन गर्न सो आदेश जारी गरेको हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ (क) को बुँदा ५ मा प्रचलित कानुनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठनलाई 'सार्वजनिक निकाय'का रूपमा परिभाषित गरिएको बताउँदै आयोगले 'सोही ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भनिएको छ, साथै उपदफा २ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनिएको छ ।' आयोगले कानुनबमोजिम दर्ता भएका राजनीतिक दलको वेबसाइट अध्ययन गर्दा अधिकांश राजनीतिक दलले सूचनाको हक पालना नगरेको विज्ञप्तिमार्फत जनाएको छ ।




कानुनमा व्यवस्था भएअनुसार सार्वजनिक निकायले हरेक तीन/तीन महिनामा निकायमा हुने गतिविधिको अद्यावधिक गरी प्रकाशित गर्नुपर्ने हुन्छ तर राजनीतिक दलदेखि विभिन्न सार्वजनिक निकायले सूचनाको हकको पालना गरेको नदेखिएकाले उक्त आदेश जारी गरिएको आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले बताए ।

वि.सं. २०६२ को जनआन्दोलनपश्चात् बनेको लोकतान्त्रिक र गणतान्त्रिक संसद्ले नागरिकलाई बलियो बनाउन र सार्वजनिक निकायलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन २०६४ सालमा सूचनाको हकसम्बन्धी कानुन निर्माण गरेको थियो ।

राजनीतिक दलका प्रतिनिधि नै सहभागी भएर निर्माण गरिएको कानुन पालनामा तथा यस हकको कार्यान्वयनमा दलको भूमिका झनै सशक्त हुनुपर्नेमा आयोगले जोड दिएको छ ।

सूचनाको हक कार्यान्वयनमा राजनीतिक दलको अहम र अग्रणि भूमिका रहनेसमेत आयोगले उल्लेख गरेको छ ।

विगतमा भएको आदेशको स्मरण गराउँदै आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोक्ने र त्यस्तो सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्ड लाइन र मोबाइल), इमेल, कोठा नं सार्वजनिक गर्न दलहरूलाई आग्रह गरेको छ ।

साथै, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम उपदफा (३) को सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नसमेत भनेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (४) बमोजिमको दायित्व निर्वाह गर्ने, सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिक सूचना माग गर्न आएमा सहज र सरलरूपमा स्पष्ट बुझिने गरी तोकिएको समयभित्र सूचना उपलब्ध गराउन आयोगले आदेश दिएको छ ।

# कोरोना संक्रमण दर बढ्दो, सचेत रहन आग्रह

■ **शरद शर्मा**

**काठमाडौं–** छिमेकी मुलुक भारतमा कोरोना भाइरसको संक्रमण बढिरहेको बेला नेपालमा पनि यसको प्रभाव देखिन थालेको छ । ओमिक्रोनको 'बिएफाइभ' जातिको भेरियन्ट देखिएसँगै नेपालमा संक्रमण दिनानुदिन बढिरहेको छ । बिएफाइभ संक्रमण उच्चदरमा फैलिने भएकाले पनि अहिले नेपालमा संक्रमण बढिरहेको छ ।

शून्य दशमलव ५ प्रतिशतसम्म झरेको नेपालमा संक्रमण दर अहिले १२ प्रतिशत पुगेको छ । मन्त्रालयका अनुसार गत साता बुधबार साउन ४ गते संक्रमण दर १० प्रतिशत रहेकोमा अहिले त्यो १२ प्रतिशत पुगेको छ ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. चुमनलाल दासले अहिले दैनिक बढिरहेको संक्रमणले चौथो लहरको संकेत गरेको बताउँछन् । 'अहिले देखिएको संक्रमणले चौथो लहरको संकेत आइसकेको भन्ने देखाउँछ तर चौथो लहर होइन,' उनले भने, 'त्यसैले हामी सबै सचेत रहेर स्वास्थ्यका मापदण्ड लागू गर्नुपर्दछ ।'

नेपालमा पनि देखिएको बिएफाइभ जातको भेरियन्टको संक्रमण दर उच्च रहेको उनले बताए । भारतसँग खुला सीमाको कारणले बिएफाइभ जातको संक्रमण नेपालमा पनि प्रवेश गरेकाले संक्रमित बढ्न थालेका हुन् । खुला सीमा भएकाले दैनिक सीमानाकाबाट आउने मानिसमा संक्रमण देखिने गरेको छ र ती मानिसले नै संक्रमण सारिरहेका छन् । उनका अनुसार झापाको काँकडभिट्टा र कञ्चनपुरको गड्डाचौकी नाकाबाट प्रवेश गर्नेमा संक्रमण बढी नै देखिने गरेको छ ।

नेपालमा पहिलोपटक २०७६ माघ ९ गते संक्रमण पुष्टि भएको थियो । यस्तै दोस्रो संक्रमित चैत १० गते देखिएको थियो । सरकारले दोस्रो संक्रमित देखिएपछि मुलुकभर बन्दाबन्दी (लकडाउन) गरेको थियो ।

नेपालमा पहिलो लहर २०७६ चैतदेखि २०७७ मंसिरसम्म चलेको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीका अनुसार संक्रमणको दोस्रो लहर २०७७ वैशाखदेखि भदौसम्म तथा तेस्रो लहर २०७८ पुसदेखि फागुनसम्म चलेको थियो । अहिलेसम्म ११ लाख २६ हजार ८८४ संक्रमित भइसकेका छन् । यस्तै ११ हजार ९६० संक्रमणकै कारण निधन भएका छन् ।

मन्त्रालयका अनुसार यो महिनामा मात्र अहिलेसम्म आठ जनाको संक्रमणको कारणले निधन भइसकेको छ । मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले महामारी अझै अन्त्य नभएकाले सबैले महामारीबाट जोगाउनका लागि स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने बताए । 'दैनिक संक्रमण पहिलेजस्तै अहिले पनि बढिरहेका देखिन्छ,' उनले भने, 'यसलाई चौथो लहर भनेर घोषणा गर्नुभन्दा पनि संक्रमण ग्राफमा देखिन थालिएको छ ।'

संक्रमणको जोखिम अझै बढ्ने उनको भनाइ रहेको छ ।

संक्रमण बढ्दै गएपछि आगामी तीन महिनाको सम्भावित संक्रमितको अनुमान गरेर त्यसलाई व्यवस्थापन गर्न द्रुत कार्ययोजना अन्तिम तयारी अवस्था पुऱ्याइएको महाशाखा प्रमुख डा. दासले बताए । उनले सम्भावित संक्रमणको जोखिमलाई ध्यान दिएर सबै अस्पताल, स्वास्थ्य संस्था र प्रदेशमा तोकिएका कोभिड-१९ अस्पताललाई संक्रमित व्यक्तिको व्यवस्थापन गर्नका लागि निर्देशनसमेत दिइसकेको जानकारी दिए ।

महाशाखाले कोभिड-१९ को प्रतीकार्यमा सबै प्रदेशमा तालिम गरिएको र आगामी दिनमा थप तालिम गर्ने योजना रहेको उनले बताए । भीडभाड हुने स्थानमा कोभिड-१९ को नमूना परीक्षण अभियान सञ्चालन गर्ने र समुदायस्तरमा कोभिड-१९ को अवस्थालाई थप विश्लेषण गर्ने कामसमेत महाशाखाले गरिरहेको छ ।

मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि भीडभाड हुने स्थानमा अनिवार्य मास्क र स्यानिटाइजरको प्रयोग गर्न आग्रह गरेको छ । सबै सरकारी, गैरसरकारी कार्यालय तथा मानिसको भीडभाड हुने स्थानमा विमानस्थल, हवाईलगायत सार्वजनिक यातायातमा, गोष्ठी, सेमिनार, बैठकजस्ता भीडभाड हुने कार्यक्रममा मास्कको प्रयोगलाई अनिवार्य गर्ने र स्यानिटाइजरको व्यवस्था मिलाउन आग्रह गरिएको छ । यस्तै कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न निर्देशन दिँदै खोप लगाउन बाँकी रहेका सबैलाई खोप लगाउन आग्रह गरिएको छ । रासस

## ५६४ संक्रमित थपिए, एकको मृत्यु

**काठमाडौं (प्रस)–** बुधबार थप ५६४ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा.समिरकुमार अधिकारीले चार हजार ४५४ परीक्षण गरिएकामध्ये बुधबार ५६४ जनामा संक्रमण देखिएको बताए । उनका अनुसार काठमाडौं उपत्यकाको ललितपुरमा ४१, भक्तपुरमा १७ र काठमाडौं २१८ जनामा संक्रमण देखिएको छ ।

यससँगै नेपालमा सक्रिय संक्रमितको संख्या तीन हजार ९२९ पुगेको छ । उक्त अवधिमा २०२ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । यस्तै संक्रमणबाट एक जनाको निधन भएको छ । अहिलेसम्म होम आइसोलेसनमा तीन हजार ७९४, संस्थागत आइसोलेसनमा १३५, सघन उपचार कक्ष (आइसियू)मा ३२ र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ श्रावण १२ गते ( विहीवार, तिथि - अमावस्या, नक्षत्र - पुनवर्सु, कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | धैरै भरोसा गर्नु हुदैन । |
| **वृष** | वाहन चलाउादा सावधानी राख्नुहोला । |
| **मिथुन** | नाता गोतामा विवादको योग छ । |
| **कर्कट** | अज्ञात भय त्रास दिन सक्छ । |
| **सिंह** | सरकारी कार्यमा प्रगति दिन्छ । |
| **कन्या** | धन लेनदेनमा सावधानी राख्नुहोला । |
| **तुला** | सामान चोरने संभावना छ । |
| **वृश्चिक** | पारिवारिक खर्च धैरै हुन्छ । |
| **धनु** | भाग्य राम्रो रहन्छ । |
| **मकर** | अलि रुकावट पछि सफलता मिल्छ । |
| **कुम्भ** | पारिवारिक जीवन सुखमय रहन्छ । |
| **मीन** | स्वास्थ्य माथि ध्यान दिनु पर्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन १२ गते, २०७९, २८ जुलाई २०२२

| मुद्रा | एकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# महाकाली सन्धिको अढाइ दशकपछि दोधारा–चाँदनीमा नहर निर्माण थालिँदै

■ शेरबहादुर सिंह



**महेन्द्रनगर–** नेपाल-भारतबीच भएको एकीकृत महाकाली सन्धिको अढाइ दशकपछि कञ्चनपुरको दोधारा-चाँदनीमा नहर निर्माण गरिने भएको छ । सन्धिको २७ वर्षपछि नेपालले नहर निर्माणको तयारी गर्न लागेको हो ।

महाकाली सन्धि अनुसार भारतले नेपाललाई दोधारा-चाँदनीमा सिचाइका लागि ३५० क्युसेक पानी नहरमार्फत उपलब्ध गराउनुपर्ने थियो । यसका लागि भारतले शारदा नहरबाट नेपाल सीमासम्म एक हजार एक सय मिटर नहर निर्माण गर्नुपर्ने छ । तर भारतले निर्माण गर्ने नहरको अझै टुङ्गो छैन । नेपालले यसैवर्षदेखि आफ्नोतर्फ नहर निर्माण गर्ने भएको छ ।

महाकाली पारीको दोधारा-चाँदनीमा सिँचाइ सुविधाका लागि भारतले शारदा बैराज (नहर)बाट सन्धिअनुसार पानी उपलब्ध गराउनुपर्ने छ । सन्धि भएको २७ वर्ष वित्दा समेत भारतले शारदा नहरबाट दोधारा चाँदनीलाई सिँचाइका लागि पानी उपलब्ध गराउन आनाकानी गर्दै आएको छ । नेपाल-भारत सीमासम्म भारतले एक हजार १०० मिटर मूल नहरसँगै अन्य संरचना समेत निर्माण गर्नुपर्ने हुन्छ ।

डेढ दशकअघिदेखि ब्रह्मदेव क्षेत्रबाट महाकाली सिँचाइ आयोजना तेस्रो चरणले मूल नहर निर्माण थाले पनि आयोजनाले पनि दोधारा चाँदनीतर्फ मूल नहर बनाउनुपर्ने विषय प्राथमिकतामा राख्न सकेको थिएन । पछिल्लो समय सिँचाइ आयोजना आफ्नो भूमिमा मूल नहर निर्माण गर्न अग्रसर भएको छ । महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सिनियर डिभिजनल इञ्जीनियर शम्भु पण्डितले दोधारा चाँदनीमा चालु आर्थिक वर्षमा नै नहर निर्माण गर्ने गरी तयारी भइरहेको बताए ।

'भारतीय पक्षले सन्धिअनुसार त्यहाँ बनाउनुपर्ने नहर र संरचना निर्माण गर्न कुनै सुरसार गरेको छैन' उनले भने, 'नेपाल-भारतका अधिकारीबीच हुने संयुक्त बैठकमा उक्त विषयमा छलफल हुने गरेको भए पनि निकास भने दिइएको छैन ।' सन्धिअनुसार भारतले दोधारा चाँदनीलाई तीन हजार ५०० हेक्टर क्षेत्रफलका लागि ३५० क्युसेक पानी उपलब्ध गराउनुपर्ने हो । सन्धिको ४ नं बुँदामा दोधारा चाँदनीलाई सिँचाइका लागि पानी उपलब्ध गराउनुपर्ने विषय समेटिएको छ ।

'बुदा नं ३ मा पञ्चेश्वर परियोजनाको विषय रहेकाले बुँदागतरूपमा कार्यान्वयन गरौँ भन्नेमा भारतको जोड देखिन्छ', सिँचाइ स्रोतले भन्यो, 'पञ्चेश्वर नबन्दासम्म दोधारा चाँदनीलाई पानी दिने विषयमा भारतीय पक्ष तयार देखिँदैन ।' यता सिँचाइ आयोजनाले भने भारतमाथि दबाब बढाउन पनि आफ्नो भूमिमा एक हजार २०० मिटर मूल नहर निर्माणको काम अघि बढाउँदै छ ।

'नहर खनिने क्षेत्रको मुआब्जाका लागि सूचना सार्वजनिक गरिसकेका छौँ', इञ्जीनियर पण्डितले भने, 'चालु आर्थिक वर्षमा ठेक्का प्रक्रिया सकेर ५०० मिटर नहर बनाइसक्ने गरी योजना अघि बढाएका छौँ ।' वर्षात्मा हरेक वर्ष महाकाली र जोगबुढा नदीको बाढीको त्रास दोधारा-चाँदनीका बासिन्दालाई रहन्छ । बाढीमा पानी उपलब्ध हुने गरेपनि आवश्यक पर्दा भने त्यहाँका बासिन्दाले बोरिङको पानीको सहारा लिनुपर्ने बाध्यता छ ।

'छेउमै महाकाली बगेर के गर्नु, हामीलाई एक थोपा पानी छैन्', दोधारा चाँदनी नगरपालिका-१ का नरबहादुर थापाले भने, '६ महिनामै गर्ने काम भारतीय पक्षले २७ वर्षसम्म पनि अघि बढाएको छैन ।' उनले शारदा नहरबाट पानी उपलब्ध गराउन सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । झण्डै २६ हजार मतदाता रहेको दोधारा-चाँदनी कुनै समय कञ्चनपुरकै विकट क्षेत्रका रूपमा चिनिन्थ्यो । महाकाली नदीमा एशियाकै लामो झोलुङ्गे पुल बनेपछि उक्त क्षेत्र मुलुकको मूलप्रवाहमा आएको छ ।

हाल महाकाली नदीमा चार लेनको पक्की पुल बन्दै छ । दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह बन्ने भएपछि सो क्षेत्रको मुहार नै फेरिएको छ । भारतले पनि सुक्खा बन्दरगाह र चार लेनको पक्की पुलसित सडक सञ्जाल विस्तार गरे दोधारा-चाँदनी सुदूरपश्चिम प्रदेशको आर्थिक नाकाको रूपमा चिनिने निश्चित छ । दोधारा चाँदनीका नगरप्रमुख किशोरकुमार लिम्बू दोधारा चाँदनीमा नहर निर्माणको काममा ढिलाइ गर्न नहुने बताउँछन् । 'नहर निर्माणपछि किसानलाई खेतीपाती गर्न सहज हुन्छ' उनले भने, 'नहर निर्माणपछि आकासे पानी र बोरिङका भरमा बस्नुपर्ने बाध्यता हट्नेछ ।'

नेपालले ब्रह्मदेव क्षेत्रबाट महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत हालसम्म झण्डै २८ किलोमिटर मूल नहर निर्माण गरेको छ । विसं २०६४ देखि उक्त नहर निर्माण गर्न थालिएको हो । भारतीय पक्षले भने नेपाल सीमासम्म भर्खरै एक हजार दुई सय मिटर नहर निर्माण गरेको छ । भारतले उक्त नहर दुई वर्षमा निर्माण गरेको हो । अब चाँडै उक्त नहरमा महाकालीको पानी बग्ने आयोजनाले जनाएको छ । *रासस*

## ५९ प्रहरी अधिकृतलाई दर्ज्यानी चिन्ह

**काठमाडौं (प्रस)–** प्राविधिक तथा प्रशासनतर्फका विभिन्न पदमा पदोन्नति भएका ५९ जना प्रहरी अधिकृतहरूलाई प्रहरी महा निरीक्षक धिरज प्रताप सिंहले बुधबार आयोजित एक समारोहबीच दज्यानी चिन्ह प्रदान गरेका छन् ।

दर्ज्यानी चिन्हद्वारा पाउनेहरूमा प्राविधिकतर्फका प्रहरी वरिष्ठ उपरीक्षक २ जना, प्रशासनतर्फका प्रहरी उपरीक्षक ३६ जना, प्राविधिकतर्फका प्रहरी उपरीक्षक १२ जना, प्राविधिकतर्फका प्रहरी नायव उपरीक्षक १ जना र प्राविधिकतर्फका प्रहरी निरीक्षक ८ जना रहेका छन् ।

समारोहमा प्रहरी महानिरीक्षक सिंहले पदोन्नति भएका प्रहरी अधिकृतहरूलाई बधाई तथा सक्षम र सबल जनशक्ति नेपाल प्रहरीमा ल्याउन प्रेरित गर्ने अभिभावकप्रति कृतज्ञता ज्ञापन गर्दै पदोन्नतिसँगै बढेको जिम्मेवारीलाई प्रहरी अधिकृतहरूले आ-आफ्नो क्षेत्रमा उत्कृष्ट गर्नुपर्ने बताए । उनले संगठनले राम्रो व्यक्तिलाई पदोन्नति गरेको रहेछ भन्ने अनुभूति हुनेगरी काम गर्न निर्देशन दिए । साथै उनले आ-आफ्नो योग्यता अनुसारको विशिष्टिकृत विधाहरूमा दत्तचित्त भएर सेवाभावका साथ काम गर्ने विश्वास व्यक्त गर्दै चिकित्सकहरूले अस्पतालमा आउने सम्पूर्ण विरामीलाई आफ्नै घरमा अभिभावक स्वंयले नै हेरचाह र ख्याल गरिरहेको महशुस हुने गरी स्वास्थ्य सेवा र उपचार प्रदान गर्नुपर्नेमा जोड दिए ।

प्रहरी महानिरीक्षक सिंहले प्रहरी संगठन आफैमा गतिशील हुने र सरुवा बढुवा लगायतमा सबै कर्मचारीहरूको समान मूल्यांकन हुने भएकोले अझै बढी कटिबद्ध एवं अनुशासनमा रही कार्य सम्पादन गर्नुपर्ने बताए । संगठन बलियो भएमात्र व्यक्ति बलियो हुने भएकोले सबै प्रहरी कर्मचारीहरूले संगठनको मूल्य मान्यता राख्दै अनुशासित ढंगले काम गरी आगामी पुस्तालाई राम्रो सन्देश हस्तान्तरण गर्नुपर्ने उनले उल्लेख गरे ।


नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं, नेपाल

स्टेशनरी तथा कार्यालय सामान खरिदसम्बन्धी बोलपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०७९/०४/१२)

केन्द्रीय तथ्यांक विभागका लागि आवश्यक स्टेशनरी तथा कार्यालय सामान आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय वमोजिमका शर्तहरुको अधिनमा रही रीत पूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट पान दर्ता र करचुक्ताको कागजात समेत संलग्न गरेर) पेश गरी यस विभागबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | मालसामानको विवरण | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 02/CBS/79/80 | Stationery and Office Materials | बोलपत्र फाराममा संलग्न छ । | रु. ३०००/- | रु. ७०,०००।- | सिलबन्दी दर्ता |

२. बोलपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस विभागको नाममा जारी भएको बिडबण्ड वा कोष तथा लेखा नियन्त्रक (समन्वय) कार्यालयको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. धरौटी खाता नं. **१२०१२००-००१-००२-५२४** (कार्यालयको कोड नं. **३९१०१३५०१**) मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । विडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिनसम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।

३. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेभित्र यस विभागमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १.०० बजे यस विभागमा उपस्थित फर्म/संस्था/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर, कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने/बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ ।

५. बोलपत्रदाताको कानुनी ग्राह्यताको आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्र साथ देहायका कागजात पेश गर्नुपर्नेछ ।
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र पान (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व. २०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र ।

६. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर केन्द्रीय तथ्यांक विभागको "स्टेशनरी तथा कार्यालय सामान खरिदसम्बन्धी बोलपत्र २०७९" भनी स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

७. यसै सूचनाको बुँदा-५ बमोजिमका कागजात संलग्न नभएको, बिभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएका बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ । स्वीकृत बोलपत्रदाताले बोलपत्रमा उल्लिखित सम्पूर्ण सामानहरु सम्झौता भएको मितिले एक महिनाभित्र आपूर्ति गरिसक्नु पर्नेछ । विभागलाई बोलपत्र फाराममा उल्लिखित परिमाण भन्दा बढी परिमाणको सामान आवश्यक परेमा बोलपत्रदाताले कबोल गरेकै दररेटमा सम्झौता अवधि भर नै उपलब्ध गराउनु पर्ने छ ।

९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फाराम एवम् प्रचलित कानुनअनुसार हुनेछ ।

१०. यससम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र विभागमा सम्पर्क राख्न सकिनेछ ।



युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALQADAR MANPOWER

पुर्व स्वीकृति मिति:२०७९/04/११ | LT. No. 267996 | चलानी नं.६०१८३८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Motorcyclist | 50 | 0 | 2500 | ८६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन १९ गते (4th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nice Recruiting Agency Pvt.ltd.
श्रम इजाजत नं. १०६२/०७३/०७४
Samakhusi-29, Kathmandu, Tel: +977-01- 4357256, 9851164789, 9803738222, 9818771498, Email: nicemanpower11@gmail.com, document.nice1062@gmail.com



कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MELTED STEAK COMPANY FOR FAST FOOD

पूर्व स्वीकृति मिति: २०७९/04/११ | LT. No.268112 | चलानी नं. ६०१८३८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 02 | 0 | 145 | ६०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: साउन १९ गते (4th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.
Lic No. 632/063/64
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301
9801821163, 9801821164, 9801821165, 9818422157, 9803877782
Email : niopl2017@gmail.com,info@niopl.com,URL:www.nipl.com



कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFETY WAY DELIVERY COMPANY

पूर्व स्वीकृति मिति:२०७९/04/११ | चलानी नं.६०१८३८८३ | LT. No.268095

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 30 | 0 | 140 | ५८,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: साउन १९, २०, र २२ गते (4, 5, 7th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.
श्रम इजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal
Tel: +977-01-4489384, 4589384 Mob.9851086131
E-mail : saugatemployment1221@gmail.com



कतार/साईप्रस/मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Rozah Cleaning and Hospitality and Services

पुर्व स्वीकृति मिति २०७९/04/११ | LT. No. :267920 | चलानी नं.६०१८३८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GROUND STEWARD | 0 | 5 | 1200 | ४२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SL Recruitment Services

पुर्व स्वीकृति मिति २०७८/१२/१० | पुन विज्ञापन स्वीकृति मिति २०७९/04/११ | LT. No. :260200 | चलानी नं.६०१७६४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 9 | 315 | ४०,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAPID SECURITY SDN. BHD.

पुर्व स्वीकृति मिति २०७६/११/१२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/04/११ | LT. No. :233624 | चलानी नं.६०१५२२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 14 | 0 | 1200 | ३४,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: साउन १९ गते (4th Aug 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281, Mobi No.: 977-9851185716, 9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महामारी नियन्त्रणमा जिम्मेवार बनौं

कोरोना भाइरस संक्रमणका कारण बितेका दुई वर्ष निकै सकसपूर्ण भए । अर्थतन्त्र चौपट भयो । मानिसहरूमा त्रासको वातावरण सिर्जना भयो । नेपालमै पनि कोरोना कारण ११ हजार ९६० जनाले ज्यान गुमाए । पछिल्लो समय खोपको विकास र नेपालमा पनि खोपको प्रयोगसँगै कोरोनाको त्रास कम हुन थाल्यो । मानिसहरू पुरानै लयमा फर्किन थाले । कोरोना कारण निषेध गरिएका, बन्द गरिएका विभिन्न क्षेत्र खोलिए । विस्तारै जुर्मुराउन थाले । मानिसहरूले कोरोनालाई बिर्सिन थाले ।

तर, फेरि कोरोना संक्रमणदर उकालो लाग्न थालेको छ । बुधबार मात्र नेपालमा ५६४ संक्रमित थपिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार उक्त अवधिमा एक जनाको मृत्यु भएको छ । छिमेकी मुलुक भारतमा कोरोना भाइरसको संक्रमण बढिरहेको बेला नेपालमा पनि यसको प्रभाव देखिन थालेको छ । ओमिक्रोनको 'बिएफाइभ' जातिको भेरियन्ट देखिएसँगै नेपालमा संक्रमण दिनानुदिन बढिरहेको छ । बिएफाइभ संक्रमण उच्चदरमा फैलिने भएकाले पनि अहिले नेपालमा संक्रमण बढिरहेको छ ।

शून्य दशमलव ५ प्रतिशतसम्म झरेको नेपालमा संक्रमणदर अहिले १२ प्रतिशत पुगेको छ । मन्त्रालयका अनुसार गत साता बुधबार (साउन ४ गते) संक्रमणदर १० प्रतिशत रहेकोमा अहिले त्यो १२ प्रतिशत पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. चुमनलाल दास अहिले दैनिक बढिरहेको संक्रमणले चौथो लहरको संकेत गरेको बताउँछन् । संक्रमण बढ्दै गएपछि आगामी तीन महिनाको सम्भावित संक्रमितको अनुमान गरेर त्यसलाई व्यवस्थापन गर्न द्रुत कार्ययोजना अन्तिम तयारी अवस्था पुऱ्याइएको महाशाखा प्रमुख दासको भनाइ छ । उनले सम्भावित संक्रमणको जोखिमलाई ध्यान दिएर सबै अस्पताल, स्वास्थ्य संस्था र प्रदेशमा तोकिएका कोभिड–१९ अस्पताललाई संक्रमित व्यक्तिको व्यवस्थापन गर्नका लागि निर्देशनसमेत दिइसकेको जानकारी दिए ।

हामीले बितेका अढाइ वर्षमा कोरोनालाई नजिकबाट चिन्यौं । त्यसका पारेका आर्थिक, सामाजिक र स्वास्थ्य समस्यालाई नजिकबाट महसुस गऱ्यौं । सुरु–सुरुमा कोराना देखिएका बेलाको जस्तो त्रास अहिले छैन । तर, जोखिम भने कम भएको छैन । जोखिम कम भएको छैन र संक्रमण अन्त्य भइसकेको छैन भन्ने स्वास्थ्य मन्त्रालयकै तथ्यांकले देखाउँ ।

पछिल्लो समय दैनिक बढिरहेको संक्रमणले के देखाउँछ भने संक्रमणदर बढ्दै गएको छ । अहिले सुरुआतीकाल जस्तो छैन । स्वास्थ्य पूर्वाधारको विकास भएको छ । खोप बनिसकेको छ । धेरैजसो नेपालीले कोरोनाविरुद्धको खोप लगाइसकेका छन् । खोप अभियान जारी छ । तेस्रो डोज लगाउने क्रम सुरु भइसकेको छ । तर, यसो भन्दैमा लापरवाही भने गर्नु हुँदैन । समस्या आफूलाई नपरुञ्जेल र नभोगुञ्जेल नचेत्ने हाम्रो बानीले हामीलाई नै समस्या पार्न सक्छ ।

आउन सक्ने सम्भावित जोखिमलाई ध्यान राखेर राज्यका तर्फबाट पनि तयारी थाल्नुपर्छ । नागरिक स्वयंले पनि सजगकता अपनाउनुपर्छ । हामीले कोरोनाका बेला यसअघि नै पालना गरिसकेका आचार–विचारलाई फेरि अनुशरण गऱ्यौं भने कोरोनाको संक्रमण र जोखिमबाट धेरै हदसम्म बच्न सकिन्छ । मुख्यगरी हाम्रो स्वास्थ्य हाम्रै हातमा छ । यसलाई मनन् गरौं । यसअघिको जस्तो चरम महामारीको अवस्था आउन नदिन सबैले जिम्मेवार बनौं ।

## मनन्योग्य

### विदुर नीति

त्यो हानिलाई हानि ठान्नुहुँदैन, जसले भविष्यमा समृद्धि ल्याउँछ । यसैगरी भविष्यमा समेत विनाश जसले ल्याउँछ त्यो नै वास्तविक क्षय वा हानि हो । हे राजेन्द्र ! तपाई पाण्डवहरूप्रति सद्व्यवहार गर्नुहोस् । उनीहरूबाट आफूहरू सुरक्षित एवंम् ढुक्क भई तपाई शत्रुहरूको आक्रमणबाट बच्नुहोस् ।

विषालु वाण हातमा लिएको व्याधा छेउ पुगेमा जसरी मृगले पीडा भोग्नुपर्दछ । त्यसै गरी आफ्नो जाति विरादरीको कुनै बन्धु अर्को धनी बन्धुकहाँ पुगेर दुःख पाउँछ भने सोको पाप धनी बन्धुलाई नै लाग्दछ । हे नरश्रेष्ठ ! तपाईले पाण्डहरू र आफ्ना छोराहरू मारिए भन्ने खबर सुनेपछि सन्ताप गर्न थाल्नुनेछ । तसर्थ भविष्यमा हुने कुरालाई अगाडि नै विचार गर्नुहोस ।

जुन काम गर्नाले मानिस बिरामी भई खाटमा सुत्नुपर्ने हुन्छ अर्थात् बिरामी पर्दछ अथवा आफ्नो कर्मले साताप पार्दछ, साथै समाजमा सुख देखाउन पनि सक्तैन । यस किसिमको कर्म मानिसले सुरूदेखि नै गर्नुपर्दछ । यस संसारमा सबैभन्दा पहिले नीतिशास्त्रको निर्माण गर्ने दैत्यगुरु शुक्राचार्यबाहेक अनीतिपूर्ण कर्म यदाकदा व्यक्ति कोहि पनि छैन । यसले जे भयो सो भयो भन्ने तात्विक कुरो बुझेर बुद्धिमान मानिसले भविब्यमा गर्न सकिने कामतिर नै दृष्टि दिने गर्नुपर्दछ । यदि, दुर्योधनले पाण्डवहरूप्रति राज्यसरहजस्तो पाप काम गरेको भए पनि तपाई नै कुलको बुद्ध व्यक्ति हुनुहुँदा तपाईले नै छोराको यस्तो पाप कर्मलाई धाँइपखाली गरिदिनुपर्दछ ।

हे नरश्रेष्ठ ! यदि तपाईले पाण्डवहरूलाई राज्यका विभिन्न ओहदामा स्थापित गरिदिनुभएमा तपाईमा लागेको कलंक धोइन्छ, साथै तपाई सबै बुद्धिमानद्धारा सम्मानितसमेत हुनुपर्दछ । जो मानिस धीर वा सज्जन व्यक्तिले भनेको कुरा र निर्देशनलाई राम्ररी शोच विचार गरेर कार्यान्वयनसमेत गर्दछ उसले चिरकालपर्यन्त कीर्ति कमाउँछ ।

क्रमशः

# गाडी बोक्नेहरूको कथा

▶▶ रिपेश दाहाल

झण्डै ७१/७२ वर्षअघि नेपालको भूगर्भीय अध्ययन गर्न भूगर्भशास्त्री टोनी हेगन चुरियामाई सुरुङ हुँदै भीमफेदीसम्म सानो गाडीमा आए । त्यहाँबाट आफू हिँडे । उनको गाडी भरियाहरूले बोके । गाडीका चारवटै पांग्रा खोलेर नोल लगाएर गाडी बोकेको देखेर उनी दंग परे ।

उनी भीमफेदीबाट प्राकृतिक दृश्यहरूको अवलोकन गर्दै चित्लाङ चन्द्रगिरि हुँदै भोलिपल्ट काठमाडौं पुगे । तर, उनले भरियालाई बोक्न लगाएर छोडेको गाडी काठमाडौं आइपुग्न १४ दिन लाग्यो । उनको मात्र हैन प्रायः भीमफेदीबाट बोकाएर गाडी काठमाडौं पुऱ्याउन सात देखि १६ दिनसम्म लाग्थ्यो । मकवानपुरमा लामो समयदेखि पत्रकारिता गरेका पत्रकार प्रताप विष्टले आफ्नो पुस्तक 'छेलिएका अनुहार' मा उल्लेख भएको प्रसंग हो यो ।

नेपालका हरेक भूभागलाई राम्रोसँग बुझेका स्वीटजरल्याण्डका नागरिक टोनी हेगनले सन् २००४ मा लेखेको 'द हिमालयन किङडम अफ नेपाल' नामक पुस्तकमा सुरुङमार्गबारे स्पष्ट पार्दै नेपालभन्दा ठूलो भारतले सुरुङ

